# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, हँसपुर नगरपालिका वडा नं. ५ स्थित सुगा निकास देखि कट्टी सम्म पी.सी.सी. ढलान योजना टुक्रा टुक्रा पारी रकम भुक्तानी गरी अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा हँसपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनुषाले आ.व. २०७६/०७७ को नगरसभाबाट स्वीकृत कार्यक्रम अन्तर्गत सुगा निकास टोलदेखि कट्टी चोकसम्म पी.सी.सी. ढलान कार्य संचालन गर्न रु.१,००,००,०००।—विनियोजन गरेकोमा उक्त नगरपालिकाको प्राविधिकले जम्मा रकम Provisional Sum सहित रु.१,४८,४१,९४७।१४ को लागत अनुमान तयार गरी मूल्य अभिवृद्धि कर सहित रु.९५,२७,७९३।६६ मा कार्य सम्पन्न गर्ने गरी नगरपालिका र निर्माण व्यवसायी देव कन्स्ट्रक्सन जनकपुरधाम बीच मिति २०७८ जेठ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिएको, हँसपुर नगरपालिकाको प्राविधिक सहितको टोलीले प्रथम रनिङ्ग विल बापत मूल्य अभिवृद्धि करसहित रु.४३,४०,८७५।५३ रकम मूल्याङ्कन गरी नापी किताव र अनुगमन समितिको सिफारिसको आधारमा कर कट्टी गरी रु.३९,४१,३६१।- मिति २०७८/०३/३१ गते निमित्त प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडलसमेतले देव कन्स्ट्रक्सनलाई भुक्तानी दिएको देखिएको, स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन अनुसार रामललितको घर अगाडिको पी.सी.सी. ढलानको लम्बाई २१३ मिटर भनिए पनि स्थलगत नापजाँचमा ४५ मिटर मात्रै रहेको, गाछी देखि पी.सी.सी. ढलानको लम्बाई २६० मिटर भनिए तापनि स्थलगत नापजाँचमा १५४ मिटर मात्रै रहेको देखिएकोले गलत नापी किताव तयार गरी गराई बास्तविक भए गरेको भन्दा रु.७,८१,८१८।०३ बढी भुक्तानी दिई लिई हिनामिना हानिनोक्सानी गरे गराएको देखिएको।

उक्त निर्माण कार्यको लागि निर्माण व्यवसायीले पेश गरेको आधारमा नगर सभाको निर्णय अनुसार मिति २०७८ चैत मसान्तसम्म म्याद थप गरेको, म्याद थपको निर्णय गर्दा सार्वजनिक निकायले थप म्याद र निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको कार्य सम्पादन जमानत लिई मात्र म्याद थप दिनुपर्नेमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारीसमेतले सो नगरेको कारणले बैंक जमानतको सुरक्षण अवधिसमेत समाप्त भई जमानत जफत हुन नसकेको देखिएकोबाट उक्त रु.२८,४०,३५०।—हिनामिना हानिनोक्सानी भएको देखिएको साथै निर्माण व्यवसायीलाई पेश्की वापत रु.१६,५०,०००/- रकम उपलब्ध गराएकोमा उक्त पेश्की वापत लिनुपर्ने बैंक जमानत ठेक्काको म्याद थप भएको मिति २०७८ चैत समान्तसम्मको नलिई लिन नलगाई सम्झौता अन्त्य भएको देखिंदा उक्त पेश्की रकम रु.१६,५०,०००।- समेत असुल नभई हिनामिना हानिनोक्सानी भएको देखिएकोले प्रतिवादीहरुले

आपसी मिलोमतो योजनामा नेपाल सरकार/सार्वजनिक संस्था/हँसपुर नगरपालिकाको सम्पत्ति **रु.५२,७२,१६८।०३** हिनामिना हानिनोक्सानी गरे गराएको हुँदा उक्त कार्यमा संलग्न देहाय वमोजिमका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | हँसपुर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **केशव कुमार अधिकारी** | रु.४४,९०,३५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | हँसपुर नगरपालिका धनुषाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत राम लोचन मण्डल भन्ने **रामलोचन मंडल** | रु.७,८१,८१८।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गराउने र अनुगमनमा गई गलत प्रतिवेदन तयार गर्ने गराउने समेतको कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | हँसपुर नगरपालिका धनुषाका **इन्जिनियर दिनेश कुमार मण्डल** | रु.३६,२२,१६८।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गराउने र अनुगमनमा गई गलत प्रतिवेदन तयार गर्ने गराउने समेतको कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ४. | हँसपुर नगरपालिका धनुषाका योजना शाखाका **खरिदार शत्रुधन साह** | रु.२८,४०,३५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | हँसपुर नगरपालिका धनुषाका तत्कालीन **लेखापाल नेत्र लुँगेली** | रु.५२,७२,१६८।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गराउने र अनुगमनमा गई गलत प्रतिवेदन तयार गर्ने गराउने समेतको कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | हँसपुर नगरपालिका धनुषाका सव-इन्जिनियर **विनोद कुमार मण्डल** | रु.७,८१,८१८।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत मूल्याङ्कन प्रतिवेदन तयार गर्ने गराउने र अनुगमनमा गई गलत प्रतिवेदन तयार गर्ने गराउने समेतको कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | हँसपुर नगरपालिका धनुषाकी तत्कालीन **उपप्रमुख रेणु देवी झा** | – | अनुगमन प्रतिवेदन गलत दिएको कारण बढी भुक्तानी भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ८. | हँसपुर नगरपालिका धनुषाका तत्कालीन प्रशासन शाखाका **खरिदार ज्ञानेन्द्र कुमार झा** | - | अनुगमन प्रतिवेदन गलत दिएको कारण बढी भुक्तानी भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) |

| | | | |
|---|---|---|---|
| | | | बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ९. | देव कन्स्ट्रक्सन तथा उक्त कम्पनीका प्रोप्राइटर **शुभचन्द्र मण्डल** | रु.५२,७२,१६८।०३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम विगो असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल